


अब, जाँचको समय तालिका हेरी हेरौँ!

गाइडबुकको पृष्ठ 4 हेर्नुहोस्।




फेब्रुअरीमा साझा चयन हुन्छ।
साझा चयन सबै सार्वजनिक उच्च माध्यमिक विद्यालयले सञ्चालन गर्छन्।
जाँच दिने उच्च माध्यमिक विद्यालय एउटा मात्र हो।
विशेष भर्ना पनि साझा चयनकै समयमा सञ्चालन गरिन्छ।
जाँच दिनु अघि, विद्यालय भर्ना आवेदनपत्र अनिवार्य पेस गर्नुपर्छ।




साझा चयनमा शैक्षिक क्षमता जाँच र अन्तर्वार्ता हुन्छ।
साथै, केही उच्च माध्यमिक विद्यालयमा, खास जाँचहरू हुन्छ।




निजी उच्च माध्यमिक विद्यालयको लागि दिने भएमा, जान मन लागेको निजी उच्च माध्यमिक विद्यालय एउटाको लागि मात्र दिने "विशेष आवेदन" र
पास हुन सजिलो निजी उच्च माध्यमिक विद्यालय एउटा र साझा चयनबाट जान मन लागेको सार्वजनिक उच्च माध्यमिक विद्यालय एउटाको लागि जाँच दिने "समवर्ती आवेदन" भनिने जाँच विधि छन्।
समवर्ती आवेदनमा निजी उच्च माध्यमिक विद्यालय र सार्वजनिक उच्च माध्यमिक विद्यालय दुवैमा पास भएको खण्डमा, निजी उच्च माध्यमिक विद्यालय क्यान्सिल गरेर जान मन लागेको सार्वजनिक उच्च माध्यमिक विद्यालय चयन गर्न सकिन्छ।
तथापि, निजी उच्च माध्यमिक विद्यालयमा मात्र पास भएको खण्डमा, सोही उच्च माध्यमिक विद्यालयमा जानुपर्ने हुन्छ। क्यान्सिल गऱ्यो भने त्यसपछिका जाँचहरू, सबै दिन नमिल्ने हुन्छ।
निजी उच्च माध्यमिक विद्यालयको लागि जाँच दिने खण्डमा, अध्ययन खर्चको कुरा विचार नगरी नहुने भएकाले, आफ्ना संरक्षकसँग राम्ररी परामर्श गर्नुहोला।




साझा चयनमा पास हुन नसकेको खण्डमा . . .
साथै, निजी उच्च माध्यमिक विद्यालयको लागि पनि जाँच दिएर दुवैमा पास हुन नसकेको खण्डमा . . .
मार्चमा निर्धारित समय / सञ्चार प्रणाली वर्गीकृत चयन गरिन्छ।
यो, निर्धारित समय प्रणाली र सञ्चार प्रणाली मात्रको परीक्षा हो।
निर्धारित समय प्रणाली भएपनि परीक्षा नहुने उच्च माध्यमिक विद्यालय पनि छन् त्यसैले, ध्यान पुऱ्याउनु होला।
साथै, साझा चयनमा पास भएका व्यक्ति या पहिले नै निजी उच्च माध्यमिक विद्यालयमा पास भएका व्यक्तिले जाँच दिन पाउने छैनन्।
परीक्षाको विषयवस्तु, साझा चयन कै जस्तो हुन्छ।




निर्धारित समय / सञ्चार प्रणाली वर्गीकृत चयन दुवैमा पास हुन नसकेको खण्डमा, निर्धारित समय प्रणाली या सञ्चार प्रणालीको केही उच्च माध्यमिक विद्यालयमा द्वितीय भर्ना माग गरिन्छ। अन्तिम सम्म हार नमान्नुहोस्!